# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, चैत्र २६ गते, २०८० साल (अतिरिक्ताङ्क ४१

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

## कोशी प्रदेश विपन्न तथा सुकुम्वासीहरुलाई जग्गा खरिदमा ब्याज अनुदान कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८०

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

राज्यका प्रमुख समस्या र दिगो विकास लक्ष्यको मुख्य चुनौतिको रूपमा रहेको सुकुम्वासी तथा विपन्नता समस्यालाई दिगो समाधान गर्दै नागरिकहरूको आफ्नै पहल र प्रयासबाट जमिन खरिद गरेका तथा भबिष्यमा जग्गा खरिद गरी सुकुम्वासी हैसियतबाट स्तरोन्नति हुन प्रयासरत कोशी प्रदेशबासी जनतालाई निजहरूले बैंक तथा बित्तीय संस्थाबाट ऋण लिइ जग्गा खरिद गरी सुकुम्वासीबाट माथि उठेकोमा त्यस्तो ऋणको व्याज अनुदान दिइ टेवा पुर्याउन बाञ्छनीय भएकोले आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम कार्यान्वयनको लागि कोशी प्रदेश विनियोजन ऐन २०८० को दफा ९ को उपदफा (१) को अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "कोशी प्रदेश विपन्न तथा सुकुम्वासीहरूलाई जग्गा खरिदमा ब्याज अनुदान कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत गरेको मितिबाट लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ग) "बैंक तथा बित्तीय संस्था" भन्नाले सुकुम्वासीको हैसियतबाट माथि उठ्न जग्गा खरिदका लागि त्यस्ता परिवारलाई ऋण प्रदान गर्ने वाणिज्य बैंक, विकास बैंक,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

वित्त कम्पनी, सहकारी संस्था र लघुवित्त कम्पनी सम्झनु पर्छ ।

(घ) "लाभग्राही" भन्नाले कोशी प्रदेशमा स्थायी बसोबास भई आर्थिक वर्ष २०७५/०७६ पछि बैंक तथा बित्तीय संस्थाबाट ऋण लिइ जग्गा खरिद गरी सुकुम्वासीको हैसियतबाट मुक्त भएका व्यक्तिका परिवारलाई जनाउनेछ।

(ङ) “विपन्न तथा सुकुम्वासी” भन्नाले आफ्नो वा आफ्नो परिवार वा अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल राज्यभित्र कुनै ठाउँमा जग्गा जमिन नरहेको तथा परिवार वा अंशियारको कुनै पनि सदस्यको नाममा जग्गा धनी प्रमाण पूर्जा प्राप्त गर्न नसकेको व्यक्ति वा परिवार सम्झनु पर्छ ।

३. <u>कार्यक्रमको उद्देश्य</u>: कोशी प्रदेशमा आर्थिक वर्ष २०७५/७६ पछि बैंक तथा बित्तीय संस्थाहरूबाट ऋण लिएर जग्गा खरिद गरी सुकुम्वासीको हैंसियतबाट मुक्त भएका व्यक्तिका परिवारलाई बैंकको व्याज भुक्तानी गर्न सहयोग पुर्‍याउन ब्याज अनुदान प्रदान गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ ।

४. <u>निर्देशक समितिको गठनः</u> ब्याज अनुदान कार्यक्रम सम्बन्धी देहाय बमोजिमको एक निर्देशक समिति हुनेछः-

| | |
|---|---|
| (क) मन्त्री, मन्त्रालय | अध्यक्ष |
| (ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय सदस्य

(घ) सचिव, उद्योग, कृषि तथा सहकारी मन्त्रालय सदस्य

(ङ) प्रमुख, नेपाल राष्ट्र बैंक विराटनगर कार्यालय सदस्य

(च) सचिव, मन्त्रालय सदस्य-सचिव

५. निर्देशक समितिको काम कर्तव्य अधिकारः दफा ४ बमोजिमको निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रमको लाभग्राहीको लागि आवेदन फारम भरेका लाभग्राहीले खरिद गरेको जमिनको स्थलगत निरिक्षण तथा अन्य आवश्यक जाँचबुझ गर्ने ।

(ख) सुकुम्वासीलाई जग्गा खरिद प्रयोजनका लागि ऋण प्रदान गरेका वित्तीय संस्थाहरूसँग आवश्यक विवरणहरू बुझ्ने वा माग गरी अध्ययन गर्ने ।

(ग) झुठा विवरण पेश गरी लाभग्राहीको रूपमा लाभ लिएको अवस्था देखिएमा त्यस्ता व्यक्ति वा वित्तीय संस्था उपर कारवाही गर्न प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष सिफारिस गर्ने।

(घ) कार्यक्रम कार्यान्वयनमा बाधा अडकाउ आइ परेमा आवश्यक नीतिगत निर्णय गरी प्रदेश सरकार, मन्त्रिपरिषद्मा सिफारिस गर्ने ।

६. कार्यक्रम कार्यान्वयन एवं सहजीकरण समितिको गठन : कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय तथा अनुगमन समेत गर्नका लागि देहाय बमोजिमको एक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समिति हुनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय -संयोजक

(ख) प्रमुख, मालपोत कार्यालय, विराटनगर -सदस्य

(ग) लेखा प्रमुख, मन्त्रालय -सदस्य

(घ) कानून अधिकृत, मन्त्रालय -सदस्य

(ङ) शाखा प्रमुख, भूमि व्यवस्थापन शाखा, मन्त्रालय -सदस्य सचिव

७. <u>कार्यक्रम कार्यान्वयन एवं सहजीकरण समितिको काम कर्तव्य र अधिकार</u> : कार्यक्रम कार्यान्वयन, अनुगमन तथा सहजीकरण समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लाभग्राही छनौटका लागि सुचना प्रकाशन गर्ने,

(ख) आवेदन संकलन गर्ने,

(ग) लाभग्राहीको नामावली र संख्या एकिन गर्ने,

(घ) बैंक तथा वित्तीय संस्थावाट एकिन भइ मासिक व्याज अनुदान माग भएको रकमको रूजु गरी भुक्तानीका लागि निर्देशक समिति समक्ष सिफारिस गर्ने।

८. <u>ब्याज अनुदान वितरण प्रक्रिया</u>: (१) कोशी प्रदेशभित्र जग्गा खरिद गरी ब्याज अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक विपन्न तथा सुकुम्वासीहरूबाट मन्त्रालयले कम्तीमा ३० दिनको म्याद दिइ ब्याज अनुदानका लागि आवेदन दिन सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सुचना अनुसार आवेदन दिन चाहने व्यक्तिले आवेदन फारामसाथ निम्नानुसारका कागजातहरू संलग्न राखी आवेदन दिनु पर्नेछ-

(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ख) जग्गा खरिद गरी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयको स्थायी बसोबास, जग्गा खरिद पूर्व सुकुम्वासी रहेको र सो जग्गा बाहेक सरकारी प्रक्रियाबाट जग्गा प्राप्त नगरेको खुल्ने सिफारिस पत्र ।

(ग) सम्बन्धित मालपोत कार्यालयले सम्बन्धित लाभग्राही पेश गरिएको जग्गा खरिद पूर्व निज र निजको परिवार तथा अंशीयार कसैको नाममा नेपाल राज्यभर जग्गा नभएको सिफारिस पत्र।

(घ) ऋण लिएको बैंक वा वित्तीय संस्थाबाट ऋण लिएको सावाँ, व्याजदर, तिर्न बाँकि व्याज रकम समेत खुल्ने आवश्यक कागजातहरू ।

(ङ) खरिद गरेको जमिनको जग्गा धनी प्रमाण पुर्जा र थैली खुल्ने रजिष्ट्रेशन लिखतको प्रतिलिपी।

(च) नियमित रूपमा ऋणको साँवा बुझाएको प्रमाण।

(३) ब्याज अनुदानका लागि पेश भएका आवेदनहरूको मुल्यांकन तथा जाँचबुझ गरी योग्य देखिएका आवेदकले पाउने ब्याज अनुदान रकम एकिन गरी भुक्तानी दिनुपर्ने बैंक वा वित्तीय संस्था खुलाइ कार्यक्रम कार्यान्वयन तथा सहजीकरण समितिले निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

(४) आर्थिक वर्ष २०७५/०७६ श्रावण १ गतेभन्दा पछि जग्गा खरिद गर्न ऋण स्वीकृत भई ऋण लिएका विपन्न तथा सुकुम्वासीहरूलाई आर्थिक वर्ष २०८०/०८१ को श्रावण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

महिनादेखि तिर्नुपर्ने ब्याज वापत मात्र अनुदान रकम भुक्तानी गरिनेछ।

(५) दफा १२ बमोजिम लाभग्राहीले प्राप्त गर्ने स्वीकृत भएको ब्याज अनुदान सम्बन्धित बैङ्क तथा बित्तीय संस्थालाई भुक्तानी गरिनेछ।

९. <u>ऋण तथा ब्याजको सीमाः</u> (१) विपन्न तथा सुकुम्वासीले बैंक तथा वित्तीय संस्थाबाट अधिकतम १० लाख रूपैंयासम्म ऋण लिएको हुनु पर्नेछ।

(२) बैक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानुनमा तोकिए बमोजिम वा नेपाल राष्ट्र बैकले तोकेको अधिकतम ब्याजदरभन्दा बढी ब्याजदरमा अनुदान दिइने छैन ।

१०. <u>लाभग्राही छनौटका आधारः</u> ब्याज अनुदान पाउने लाभग्राही छनौटका आधारहरू निम्नानुसार रहेका छनः-

(क) कोशी प्रदेशको कुनै जिल्लाबाट नागरिकता जारी भइ यही प्रदेशको स्थायी बासिन्दा रहेको।

(ख) नेपाली नागरिक।

(ग) सो जग्गा खरिद गरेका कारणबाट मात्र सुकुम्वासीको हैसियतबाट माथि उठेको ।

(घ) नेपाल सरकारबाट मान्यता प्राप्त बैंक तथा बित्तीय संस्थाबाट ऋण लिएको ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) समूह जमानीमा ऋण लिई जग्गा खरिद गरेकोमा समूह जमानीमा ऋण लिए वा दिएको बैङ्क तथा वित्तीय संस्थाको लिखत ।

(च) नियमित रूपमा ऋणको साँवा बुझाएको।

११. <u>नियमित रूपमा साँवा बुझाएको हुनु पर्ने:</u> (१) निवेदकले नियमित रूपमा बैङ्क तथा वित्तीय संस्थाको साँवा बुझाएको हुनु पर्नेछ।

(२) यस कार्यविधि बमोजिम तोकिएका लाभग्राहीले नियमित रूपमा साँवा रकम नबुझाएमा सावाँ नबुझाएको अवधिको ब्याज अनुदान उपलब्ध गराइने छैन।

तर निजले बक्यौता सावाँ भुक्तानी गरेकोमा मन्त्रालयले निर्देशक समितिको निर्णयबाट ब्याज अनुदान मात्र प्राप्त गर्न सक्नेछ ।

१२. <u>ब्याज अनुदान स्वीकृत गर्ने:</u> दफा ८ को उपदफा (३) बमोजिम कार्यक्रम कार्यान्वयन तथा सहजीकरण समितिबाट सिफारिस सहित पेश भएका लाभग्राहीलाई ब्याज अनुदान उपलब्ध गराउन स्वीकृत गर्ने निर्णय निर्देशक समितिले गर्नेछ।

स्वीकृत मितिः- २०८०/१२/२६

आज्ञाले,
लक्ष्मी प्रसाद पौडेल
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.koshi.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश